
# लेखापरीक्षण प्रतिवेदन

# भगवतिमाइ गाउँपालिका, दैलेख

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## भगवतिमाइ गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/340

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
भगवतिमाइ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.८ करोड ३२ लाख ९ हजार, एकीकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु.२ लाख ९८ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख ५ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.२४ लाख ६९ हजार, सामाजिक विकास मन्त्रालयको रु.३ लाख ६८ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.८ लाख ८८ हजार समेत रु. ८ करोड ७६ लाख३७ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.९८ करोड ९ लाख २५ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ३८ लाख ७ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.५ लाख ५६ हजार फस्यौंट भई बाँकी बेरुजु रु.१ करोड ३२ लाख ५२ हजारमध्ये असुल गर्नुपर्ने रू.७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३९ लाख १८ हजार र नियमित गर्नुपर्ने रु.४३ लाख १५ हजार, पेश्कि बेरुजु रु.४९ लाख ४६ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड १४ लाख १५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.६४ लाख ८० हजार फस्यौंट भई हालसम्मको

अद्यावधिक बेरुजु रु.१३ करोड ८१ लाख ८७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने भगवतिमाइ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी भगवतिमाइ गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९३ | ७६ | १,३८,०७,४६७ | ० | २३ | ५,५५,६५१ | ० | ९३ | ५३ | १,३२,५१,८१६ | ७२,५२१ | ४३,१४,८१२ | ३९,१८,५१५ | ० | ० | ८२,३३,३२७ | ४९,४५,९६८ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | १३,१४,१५,००० | ० | ६४,७९,६३० | १२,४९,३५,३७० | ० | १,३२,५१,८१६ | १३,८१,८७,१८६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | | स्थानीय भत्ता : | १७,३५६ |
| २ | २०८०/८१ | | सभाको बैठक : | ४७,६०० |
| ३ | २०८०/८१ | | भुक्तानीमा करकट्टी: | ७५० |
| ४ | २०८०/८१ | | बढी भुक्तानीः | ४,२५० |
| ५ | २०८०/८१ | | प्रशिक्षक भत्ता: | ७,८२० |
| ६ | २०८०/८१ | | खर्च पुष्टयाईको प्रमाणः | २,५९,७५० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७८/७९ | | नमूना विद्यालय | ६४,७९,६३० |
| ८ | २०८०/८१ | | रिटेन्सन मनि फिर्ता: | ६०,००० |
| ९ | २०८०/८१ | | पेश्की बाँकी- | १,५०,००० |
| १० | २०८०/८१ | | असुली गर्न बाँकी आन्तरिक आय – | ८,१२५ |
| जम्मा | | | | ७०,३५,२८१ |

# (८०६६७५०५३०० - भगवतिमाइ गाउँपालिका, दैलेख )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १५१.५२ वर्ग किलोमिटर तथा १८,२०६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।0८।0६ देखि २०८१।0९।0५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु. ९८,०९,२४,५५८।७० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३३,१४५।० असुल भइ दाखिला प्रमाण पेश भएको।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कार्यक्रममा बढी भुक्तानी भएको रकम असुली | २५५० |
| २ | कर कट्टी रकम असुली | १३०९५ |
| ३ | स्वास्थ्य कार्यक्रममा बिल भरपााई भन्दा बढी भुक्तानी भएको रकम असुली | १७५०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छन्।

| वित्तीय प्रतिवेदन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २,४२,२०,५०१.७५ | ० | २,४२,२०,५०१.७५ | २,०४,९७,८०६.५९ | ० | २,०४,९७,८०६.५९ |
| १३००० | अनुदान | | २६,१०,५९,१२९.३१ | ० | २६,१०,५९,१२९.३१ | ३१,८६,२२,९८९.०० | ० | ३१,८६,२२,९८९.०० |
| १४००० | अन्य राजस्व | | २,०२,५०,७५०.२४ | ० | २,०२,५०,७५०.२४ | १४,०२,७९१.५२ | ० | १४,०२,७९१.५२ |
| १५००० | विविध प्राप्ति | | ८,२६,५०१.०० | ० | ८,२६,५०१.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३०,६३,५६,८८२.३० | | ३०,६३,५६,८८२.३० | ३४,०५,२३,५८७.११ | | ३४,०५,२३,५८७.११ |
| ३ | चालु | | २५,५४,७८,६६८.८७ | ० | २५,५४,७८,६६८.८७ | २६,७३,४४,५६६.४० | ० | २६,७३,४४,५६६.४० |
| २१००० | पारिश्रमिक / सुविधा | | १७,७७,५४,८८७.३० | ० | १७,७७,५४,८८७.३० | १९,३९,०७,५४९.२७ | ० | १९,३९,०७,५४९.२७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,४०,११,९०५.५७ | ० | ७,४०,११,९०५.५७ | ६,७७,३६,४८०.१३ | ० | ६,७७,३६,४८०.१३ |
| २६००० | अनुदान | | ४६,५७५.०० | ० | ४६,५७५.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | २९,८३,४९५.०० | ० | २९,८३,४९५.०० | ४७,५४,४४०.०० | ० | ४७,५४,४४०.०० |
| २८००० | अन्य खर्च | | ६,८१,८०६.०० | ० | ६,८१,८०६.०० | ९,४६,०९७.०० | ० | ९,४६,०९७.०० |
| ४ | पूंजीगत | | ७,९९,८९,४७५.६७ | ० | ७,९९,८९,४७५.६७ | ९,३५,९५,४९१.२६ | ० | ९,३५,९५,४९१.२६ |
| ३१११० | भवन तथा संरचना | | ४,२१,५०,५६१.३५ | ० | ४,२१,५०,५६१.३५ | ३,८८,८२,१९२.९३ | ० | ३,८८,८२,१९२.९३ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४८,४५,८१७.३७ | ० | ४८,४५,८१७.३७ | ४४,०५,०६०.०० | ० | ४४,०५,०६०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ९,५०,०००.०० | ० | ९,५०,०००.०० | १०,९९,४४०.०० | ० | १०,९९,४४०.०० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | १२,९८,३७०.०० | ० | १२,९८,३७०.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ३,०३,९३,२५६.९५ | ० | ३,०३,९३,२५६.९५ | ४,६४,३३,९७२.३३ | ० | ४,६४,३३,९७२.३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १४,९९,५२९.०० | ० | १४,९९,५२९.०० | १४,७६,४५६.०० | ० | १४,७६,४५६.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,५०,३११.०० | ० | १,५०,३११.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ३३,५४,६८,१४४.५४ | | ३३,५४,६८,१४४.५४ | ३६,०९,४०,०५७.६६ | | ३६,०९,४०,०५७.६६ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (२,९१,११,२६२.२४) | | (२,९१,११,२६२.२४) | (२,०४,१६,४७०.५५) | | (२,०४,१६,४७०.५५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (१,१३,८१,८१७.३८) | | (१,१३,८१,८१७.३८) | ३२,१८,२५०.२० | | ३२,१८,२५०.२० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (२२,७९,६१४.५७) | | (२२,७९,६१४.५७) | (४,१४,१८६.६७) | | (४,१४,१८६.६७) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (४,०४,९३,०७९.६२) | | (४,०४,९३,०७९.६२) | (१,७१,९८,२२०.३५) | | (१,७१,९८,२२०.३५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,७९,७३,१९४.२६ | | ३,७९,७३,१९४.२६ | ५,५१,७१,४१४.६१ | | ५,५१,७१,४१४.६१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | (२५,१९,८८५.३६) | | (२५,१९,८८५.३६) | ३,७९,७३,१९४.२६ | | ३,७९,७३,१९४.२६ |

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,३२,०९,२७६। पर्यटन पुर्वाधार विकास आयोजना रु.२४,६८,६७४, गरिव विशेश्वर कार्यक्रम रु.४,०५,०००, सामाजिक विकास कार्यक्रम रु.३,६७,७४५, आन्तरिक मामिता तथा कानुन मन्त्रालय रु.८,८८,०००। र एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम रु.२,९८,३०९। गरि जम्मा रु.८,७६,३७,००४। सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,५०,०६,७५५.०८ , यस वर्षको प्राप्ति रु. -५,३३,४६,९२१.०८,यस वर्षको भुक्तानी रु.३,८५,९७,४०४।र बैङ्क मौज्दात रु.२,५७,२३८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **4,05,38,706.34** | **37,49,93,280.70** | **39,59,25,762** | **1,96,06,225.04** |
| एकीकृत आर्थिक विवरणअनुसार | **2,55,31,951.26** | **42,83,40,201.78** | **43,45,23,166** | **1,93,48,987.04** |
| फरक | **1,50,06,755.08** | **-5,33,46,921.08** | **3,85,97,404** | **2,57,238** |

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानिय तह संचित कोष | 72,35,856.54 | 64,20,678.54 | 8,15,178 |
| विविध खर्च खाता | 4,75,098.5 | 6,04,098.5 | -1,29,000 |
| प्रकोष व्यवस्थापन कोष | 1,73,421 | 3,11,811 | -1,38,390 |
| धरौटी | 1,08,46,176 | 1,07,14,176 | 1,32,000 |
| स्थानियतह विविध कोष खाता | 6,18,435 | 14,22,613 | -80,417 |
| **जम्मा** | | | -1,24,390 |

२.४ **घटी जिम्मेवारी सारेको-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,३५,७२,६०८.४ मौज्दात रहेकोमा यो वर्ष रु.४,०५,३८,७०६.३४ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,३०,३३,९०२।०६ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।

२.५ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२,४७८। देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७८ |

३ **कार्य सञ्चालन तथा अन्य कोष-**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध खर्च खाता, विविध कोष खाता, प्रकोप

व्यवस्थापन कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.४५,२८,४५३.५ सहित रु.१,२८,४६,६९६। आय र रु.१,५१,६१,४०८। खर्च गरी रु.२०,८२,१३२.५ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरो पन आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

४ **प्रकोप व्यवस्थापन कोष** –

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.१५,१७,४१९। आम्दानी भएकोमा रु.१३,४३,९९८। खर्च गरी बाँकी रु.१,७३,४२१ देखिन्छ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

६ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।९ मा रु.४७ करोड ३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४। ४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

७ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले मिति २०८०।१।३१ गते ढीला गरि समिती गठन गरेको छ।

८ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने

व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ९५ योजनामा रु.१०,६५,९९,०००। वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय/वडा स्तरीय | ६५ | १४ | ५० | १ |
| २. | वडास्तरीय | ३१ | 0 | 0 | ३१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९६ योजनामात्र कार्यान्वियन भई १ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

## ९ बजेट अवण्डा –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.८८,००,०००। अबण्डा बजेट व्यवस्था गरी १७ योजनामा श्रमरोजगार मार्फत रोजगारी सृजनाकार्यक्रम अन्तर्गत रु.८६,६९,८६२। खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | खर्च |
|---|---|---|
| 1 | डाँडा खोर खगेना सडक मर्मत | 10,55,770 |
| 2 | सम ढाँण बुङ्ची सडक निर्माण | 12,46,231 |
| 3 | डार्विन आडर एण्ड सप्लायर्स | 3,28,773 |
| 4 | बाइसेरा सडक मर्मत | 10,52,650 |
| 5 | जनता प्रा वि घेराबारा | 1,90,389 |
| 6 | थापा टेड्र्स एण्ड अर्डर सप्लायर्स | 5,78,032 |

## १० आवधिक योजना:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

## ११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

१२ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३०,८९,८१८। राजस्व बाँडफाँड र अनुदानबाट रु.४०,९०,४४,०९१.५८ समेत रु.४१,२१,३३,९०९.५८ आम्दानी भएकोमा चालु तर्फ रु.२८,८४,३१,६३५। र पूँजिगत तर्फ रु.१०,७४,९४,१२८। समेत रु.३९,५९,२५,७६२।खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७८ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.७२,३९,६००। खर्च भएको छ जुन आन्तरिक आयको २३४.३० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.५१ प्रतिशत चालु र २९.४८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 1,47,54,560 | 1,21,88,937 | 82.61 |
| २ | पूर्वाधार विकास | 6,84,89,000 | 4,75,53,163 | 69.43 |
| ३ | सामाजिक विकास | 27,64,29,440 | 23,74,76,148 | 85.91 |
| ४ | बातावरण तथा विकास | 4,10,000 | 60,510 | 14.74 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 3,14,94,178 | 2,67,95,464 | 85.08 |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | 8,17,54,960 | 7,18,51,540 | 87.89 |
| **जम्मा** | | 47,33,32,138 | 39,59,25,762 | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकासमा सबैभन्दा बढी ८२.६१ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा १४.७४ प्रतिशत रहेको छ ।

१४ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु.हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | 1,07,495 | 836 | 19,331 | 24,435 | 54,748 | 31,196 |
| प्रतिशत | 100 | 8.36 | 17.92 | 22.73 | 50.93 | 29.03 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१० करोड ७४ लाख ९५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८ लाख ३६ हजार (८.३६प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ९३ लाख ३१ हजार (१७.९२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२

करोड ४४ लाख ३५ हजार (२२.७३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.५ करोड ४७ लाख ४८ हजार खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ११ लाख ९६ हजार (२९.०३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१५ **लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ९६ | ९ | | | ४ |

पालिकाले संचालन गर्ने गरि निर्धारण गरेका ९६ वटा कार्यक्रम मध्य एक कार्यक्रम संचालनमा आउन सकेको छैन भने ४ वटा कार्यक्रमले ७५ प्रतिशत सम्म कार्य प्रगती भएको पाइयो।

१६ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ८ वटा ऐन, १ वटा नियमावली र १९ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ।

| विवरण | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|
| पञ्जिकरणतर्फ | | |
| नागरिकता सिफारिस | 548 | 544 |
| घरबाटो सिफारिस | 80 | 77 |
| नाता प्रमाणित | 176 | 176 |
| जन्म, मृत्यु तथा विवाह दर्ता | 1324 | 1324 |
| घर नक्सा पास विवरण | 20 | 20 |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

१७ **आन्तरिक नियन्त्रण प्रणालीः**

आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली पालना गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने तयार गरी लागू गरेको अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

 स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन। पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम,

गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

 कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने सुपासमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

 अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को ९३० बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको पाइएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४९२० अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

 संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

 सञ्चालित योजनाको सूचना पाटीमा आय(व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।

 वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

 प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन ।

 सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन।

 सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

 वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा व गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

 विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

 स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भ(जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

 राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

 स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

 दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

 यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

१८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५० जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१९ **कर्मचारी व्यवस्था** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी १३ जनालाई तलव भत्ता रु.४१,३३,३१२।भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरित कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,३३,३१२ |

२० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई कर्मचारीको तलबमा रु.२ करोड ४ लाख ८२ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२१ **अवकास कोष** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.९,१७,५७२। ट्रान्सफर गरेको छ। अवकाश कोष सञ्चालन कार्यविधि, २०७८ कार्य विधिको व्यवस्था समेत गरेको छ। कर्मचारी अवकास हुदा विविध कोष खाताबाट खर्चलेख्दा नपुग रकम कर्मचारी अवकास कोषबाट खर्च लेखेको पाइयो।

२२ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २१ संघसंस्था र व्यक्तिहरुलाई रु.६,४७,१००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३०,८९,८१८।को २०.९४ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२३ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी चालुमा रु.७९,१०,४४०।र पुँजिगतमा रु.५४,१९,०३६। गरी रु.१,३३,२९,४७६।भुक्तानीदिन बाँकी प्रमाणित गरी भुक्तानी दिएकोछ। पालिकाले बजेटको सुनिश्चितता नगरि प्रत्येक वर्ष भुक्तानी दिन बाँकी रहने गरि कार्यक्रम गरिनु उचित नदेखिएकाले यसतर्फ ध्यानदिनु पर्दछ।

२४ **जिन्सी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।०८।०७ मा २०७७।०९।०७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पालिकामा खरीद गरिएको सामान मात्र PAMS मा प्रविष्टी गरेको पाइयो तर वडा बाट खरिद गरिएको सामान PAMS मा प्रविष्टी गरेको पाइएन। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ। आंशिक रुपमा PAMS को प्रयोग गरेको पाइयो।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

२५ **जिन्सी निरीक्षण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले जिन्सि निरिक्षण प्रतिवेदनमा उल्लेख गरेको मर्मत गर्नु पर्ने मोटरसाइकल १०, बोस टेवल ४, स्टिल दराज २०, अफिस टेवल ६, प्रिन्टर २५ लगायतका २३ किसिमका १९७ सामान मर्मत गर्नु पर्ने तथा मोटरसाइकल ४, रिभल्भिङ कुर्ची १०, स्टिल दराज ५, सोलार प्यानल ८, प्रिन्टर ११ लगायतका १६ किसिमका ७१ सामानहरु लिलाम विक्रि गर्नु पर्ने उल्लेख गरेको पाइए तापनि लेखापरिक्षण अवधि सम्म सो प्रकृया अगाडी बढाएको पाइएन।

## २६ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन्

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्यरु. | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २०६५-२०८१ | ४२ कित्ता | ३२,१४,५१० | जग्गा प्राप्त हुँदाको मुल्य |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०६८-२०८१ | २२ वटा | ८२,६८,७५१ | ४ वटा मोटरसाइकलको मुल्य नखुलेको |
| उपकरण (रु.१ लाखभन्दा बढी) | २०७४-२०८१ | ६ वटा | २५,२९,४२३ | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | २०६८-२०७४ | ७ वटा | ४८,६३,२८० | |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार ४ वटा मोटरसाइकलको मुल्य नखुलेको जनाएको छ। साथै पालिकाअन्तर्गत रहेका ४२ कित्ताको प्राप्तको स्रोत खुलाएको पाइएन। ४२ कित्ता घर जग्गाको खरिद मुल्य रु.३२,१४,५०१। मात्र उल्लेख गरेको पाइयो। गाउँपालिका भवनको लागत समेत समावेश गरेको पाइएन। अतः पालिका भित्रका सम्पुर्ण सम्पतीको मुल्य खुलाएर राख्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## २७ जिन्सी निरिक्षण प्रतिवेदन कार्यान्वयनः

पालिकाले गठन गरेको जिन्सि निरिक्षण समितिले प्रतिवेदनमा उल्लेख गरेको प्रतिवेदनका निम्न व्यहोराहरु पालिकाले कार्यान्वयन गर्नु पर्दछ।

- वडा नं.४ को वडा कार्यालयमा साविक जगन्नाथ गा वि सको फोंटोकपी मेशिन १ जिन्सि निरिक्षण प्रतिवेदनमा उल्लेख गरिएता पनि भौतिक निरिक्षणमा फेला नपरेको।
- वडा नं.२ को वडा कार्यालयमा साविक रुम गा वि सको डेक्कटप (Dell) १ जिन्सि निरिक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा साविक गा वि स सचिव श्रीबल बहादुर थापाले उक्त कम्प्युटर बुझारथ नगरेको भन्ने व्यहोरावट सचिव श्री राज कुमार विश्वकर्माले खुलाइ राखेको।
- एउटै कर्मचारीसँग एक भन्दा बढी ल्यापटप लगायतका जिन्सी सामान जिम्मामा रहेको पाइएको।
- गाउँकार्यपालिकाको कार्यालयले एकद्धार प्रणालीबाट जिन्सी मालसामान खरिद गरि हस्तान्तरण गरेर वा सहायक खातामा चढाएर जिन्सी मालसामान बुझ्नु पर्नेमा वडा तथा शाखाहरुले आफूखुशी रुपमा खरिद गर्ने गरेको।
- कर्मचारी सरुवा हुँदा सवै जिन्सी सामान पूर्ण रुपमा बरबुझारथ गर्ने नगरेको। निम्न सामानफिर्ता पालिकामा ल्याइनु पर्दछ।

| क्र सं | सामान लिनेको नाम | सामानको नाम | थान | कैफियत |
|---|---|---|---|---|
| १ | देवेन्द्र सिंह निवर्तमान IT Officer | सोलार प्यानल<br>ल्यापटप ASUS I7 | १<br>१ | |

## २८ सार्वजनिक परीक्षण -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## २९ कानून र सञ्चालन स्थिति –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन, ९ वटा नियमावली, ४५ कार्यविधि लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

३० **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २४ गरी कुल २८ विवाद दर्ता भएकोमा २१ वटा मात्र फर्स्यौट भई ७ बाँकी मध्ये माथिल्लो निकायमा १ पठाई ६ वटा फैसला हुन बाँकी छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

३१ **पेश्की बाँकी**-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी, संस्था तथा निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य तथा म्याद समाप्त हुँदासम्मसमेत फर्स्यौट नभई रु.१५,७२,००० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र सं | भौ मिति | योजनाको नाम | पेश्की लिने | पेश्की रकम |
|---|---|---|---|---|
| १ | 32-2080/4/1 | भोटाडाँडा-माग्ले सडक निर्माण | रमाला बज्यै टोल विकास संस्था | २,००,००० |
| २ | 22-080/7/14 | २ नं. वडा कार्यालय भवन निर्माण | आर.वि कन्स्ट्रक्शन | १३,७२,००० |
| | | | जम्मा | १५,७२,००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १५,७२,००० |

३२ **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यक्रममा निम्न निर्माण व्यवसायीलाई रु.६५,९१,०००। पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| क्र सं | भौ मिति | योजनाको नाम | पेश्की लिने | पेश्की रकम |
|---|---|---|---|---|
| 2 | 9-080/9/25 | १०/१५ शैयाको आधारभूत अस्पताल | कालिका रेगन रेसुङ्गा जे.भी | 35,46,000 |
| 3 | 24-080/12/22<br>44-081/3/23 | नमुना विद्यालय भवन निर्माण | शिभिल निर्माण सेवा | 24,45,000 |
| 4 | 122-081/2/13 | गैर आवाशिय भवन निर्माण | तुलसी जे.डी कन्स्ट्रक्सन प्रा लि | 6,00,000 |
| | | | | 65,91,000 |

३३ **पेश्की जमानतः**

सार्वजनिक खरिद नियमावलीको नियम ११३(३) सेवा प्रदायकबाट पेश्की रकम खप्ने गरि र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछी तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरि वाणिज्य वैकको जमानत राख्नु पर्ने व्यवस्था छ। जमानतको अवधि खरिद संझौतामा उल्लेख भएको पेश्की फर्छयौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था

भएकोमा निम्नानुसार योजनामा निर्माण व्यवसायीको रु.३३,७३,९६८। पेश्की कम अवधिको भएकाले पेश्की जमानत अवधि थपको प्रमाण पेश गर्नु पर्ने रु.

| निर्माण कार्य | निर्माण व्यवसायी | संझौता रकम | काम सम्पन्न गर्नु पर्ने अवधि म्याद थप समेत | बैक जमानतको अवधि | फर्छ्यौट गर्न बाँकी पेश्की |
|---|---|---|---|---|---|
| नाउली कान्ला- ढकार – प्रधान टाकुरा सडक | विषमिता निर्माण सेवा | 85,81,668 | 2081/3/15 | 081/1/14 | 6,83,968 |
| चक्रपथ निर्माण | विषमिता निर्माण सेवा | 64,54,525 | 081/8/30 | 081/1/14 | 12,90,000 |
| वडा नं.७ को वडा कार्यालय भवन निर्माण | तुलसी जे.डी कन्ष्ट्रक्सन एण्ड सप्लायर्स | 1,05,46,989 | 081/9/15 | 080/3/१६ | 14,00,000 |
| | जम्मा | | | | 33,73,968 |

| | |
|---|---|
| पेश्की | ३३,७३,९६८ |

३४ **अनुदानको अनुगमन** –

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि, पशु, शाखाबाट २१ वटा कृषक तथा समुहलाई साझेदारी तथा अनुदानको रुपमा पालिकाबाट रु.५४,०८,०००। र कृषकबाट रु.१२,६४,०१०। खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

३५ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट १० वटा दर्ता भएको पाइयो।२८ वटा सहकारी मध्ये १२ वटा सक्रिय र १६ वटा निस्कृय रहेको छ। समस्या ग्रस्त रुपमा आएको नपाइए पनि निस्कृय सहकारिलाई सक्रिय बनाउने तर्फपालिकाको ध्यान दिनुपर्ने देखिन्छ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

३६ **कार्य योजना -**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू राहत, घर गोठ पहिरो, असाध्य रोग मा राहत दिएको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

३७ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,९९,६२,८०१।पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३८ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ६६.७१ देखि ३७.८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | नाउलिकाल्ला-ढकार –प्रधान टाकुरा सडक स्तरोन्नती | BRM/RCW/NCB/ 3/2080/81 | विषमिता निर्माण सेवा | 1,97,54,454 | 85,81,668 | 56.55 |
| 2 | भगवतिमाई चक्रपथ निर्माण | BRM/RCW/NCB/ 4/2080/81 | विषमिता निर्माण सेवा | 1,93,89,926 | 64,54,525 | 66.71 |
| 3 | भैरव मा वि खोर भवन निर्माण | BRM/SBCW/NCB/ 4/2080/81 | सिभिल निर्माण सेवा | 1,96,58,380 | 1,22,26,375 | 37.8 |
| 4 | भगवतिमाई मिनि स्टेडियम | BRM/SICW/NCB/ 1/2080/81 | रामचन्द्र निर्माण सेवा | 13,25,440 | 7,01,515 | 47.07 |

३९ **लागत अनुमानः**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा खरिद कार्यको एक लाख भन्दा माथिको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले भौ.२०-०८०।६।२९ बाट अभियान टेक प्रा.लि लाई सर्भेसामाग्री खरिद रु.१,४५,७७०।र एभरेष्ट कम्प्युटर ट्रेड एण्डसप्लायर्स बाट कम्प्युटर, ल्यापटप, प्रिन्टर आदी रु.३,४२,०००। गरि जम्मा रु.४,८७,७७०। को सामान कोटेशन मार्फत खरिद गरेता पनि लागत अनुमान तयार गरेको पाइएन।अतः औषधि खरिद गर्दा लागत अनुमान तयार गरेर मात्र खरिद गर्ने तर्फ कार्यालयको ध्यान दिनुपर्दछ।

४० **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४१ **कार्य सम्पादन जमानतः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार सम्झौता गर्नु पुर्व त्रुटी सच्याउने अवधि सम्मको भन्दा कम्तिमा १ महिना बढी परफरमेन्स बैक ग्यारेन्टी भएको हुनु पर्ने व्यवस्था छ । निम्न कामका निर्माण व्यसायीहरुले तोकिएको समय भन्दा कम अवधिको बैङ्क ग्यारेन्टी राखी संझौता गरेको साथै म्याद थप गर्दा बैक ग्यारेन्टीको म्याद थप गर्ने गरेको पाइएन। अतः कार्यसम्पादन जमानतको बैक म्याद थप गरी प्रमाण पेश गर्नु पर्दछ। गत वर्षमा पनि यस व्यहोरा औल्याएकोमा हालसम्म सुधार भएको नपाइएकोले यसमा पालिकाको विषेश ध्यान जानु पर्ने देखिन्छ।

| निर्माण कार्य | निर्माण व्यवसायी | संझौता रकम | काम सम्पन्न गर्नु पर्ने अवधि म्याद थप समेत | बैक जमानतको अवधि | जमानतको हुनु पर्ने अवधि | नपुग अवधि | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| नाउली कान्ला- ढकार – प्रधान टाकुरा सडक | विषमिता निर्माण सेवा | 85,81,668 | 2081/3/15 | 2082/५/२६ | 2082/९/३० | ४ महिना | 46,08,267 |
| चक्रपथ निर्माण | विषमिता निर्माण सेवा | 64,54,525 | 2080/3/15 | 2082/6/26 | 082/9/30 | ३ महिना | 53,93,557 |

४२ **रिटेन्सन मनि फिर्ता:**

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२४ (२) मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले कार्य स्विकार गरेपछी कट्टा गरेको रिटेन्सन मनि सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यबसायी वा सेवा प्रदायकले सम्वन्धित आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहाय वमोजिम रिटेन्सन मनि वापत कट्टा भएको रकम सम्वन्धितलाई आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात नलिइ विगत वर्षको कर चुक्ता पत्रको आधारमा फिर्ता दिएकोले सम्वन्धित आन्तरीक राजश्व कार्यालयमा रु.२,५८,८०६। कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं.।मिति** | **आपूर्तिकर्ता** | **रिटेन्सन मनि** |
|---|---|---|
| ५।२०८०-०६-२५ | श्री देउती कन्स्ट्रक्सन (३०१०७६९७९) | ७९,४५६ |
| ६।२०८०-०७-०१ | थापा निर्माण सेवा (६०८६२०९७४) | १,१३,४५० |
| २१।२०८०-११-०२ | रामचन्द्र निर्माण सेवा (३००१२६८६८) | ६५,९०० |
| **जम्मा** | | **२,५८,८०६** |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५८,८०६ |

४३ **लागत सहभागिता —**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

४४ **वीमा :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा बिमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा बिमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बिमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ बिमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| **निर्माण कार्य** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **वि. ओ. क्यू मा बिमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| खेल मैदान निर्माण/स्तर उन्नती | रामचन्द्र निर्माण सेवा | 7,01,415.51 | | ला.अ.मा बिमा रकमको व्यवस्था नगरेको |
| निर्माण सामाग्री खरिद | श्री देउती कन्ष्ट्रक्सन | 11,08,439 | | ला.अ.मा बिमा रकमको व्यवस्था नगरेको |

४५ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 30,66,35,201 | 30,89,818 | 1.00 |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४६ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३९,६५,०००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३०,८९,८१८। अर्थात अनुमान भन्दा २२.०७ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४७ **राजश्व अभिलेख -**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाले सुत्र मार्फत राजश्व संकलन गर्ने गरेतापनि वडा नं.७ ले पूर्ण रुपमा प्रयोग गरेको पाइएन। यस आ.व मा रु.२१,७८५।दाखिला गरेको पाइयो। आ.व.०८०।८१ को राजश्व आ.व. ०८१।८२ को मिति २०८१।०५।०७ मा रु.१३,६३०।जम्मा भएको छ।पालिकाले उपलब्ध गराएको विवरणबाट पालिकाको बास्तविक आम्दानी रु.३६,८०,०९८। भएकोमा सुत्रको सिस्टमबाट रु.८८,५९,०७१। देखाएकोले सिस्टमको सहि प्रयोग भएको छ वा सहि रिपोट दिएको छ भन्न सकिएन।पालिका कार्यालयमा संकलित राजश्व समयमा दाखिला गरेता पनि वडामा संकलित राजश्व समयमा बैक दाखिला नगरी २/३ महिनामा दाखिला गरेको पाइयो। अतः समयमा राजश्व

दाखिला तथा सहि रिपोट आउने गरि समयमा राजश्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।नमुना परिक्षण गर्दा निम्न वडाहरुको ढिला गरि दाखिला गरेको राजश्वको केही उदाहरणहरु-

| क्र सं | वडा नं.१ बैक दाखिला मिति | राजश्व रकम | क्र सं | वडा नं.४ बैक दाखिला मिति | राजश्व रकम |
|---|---|---|---|---|---|
| 1 | 2080।6।29 | 9,885 | 1 | 2080/8/27 | 22,515 |
| 2 | 080/8/29 | 10,150 | 2 | 080/11/9 | 10,135 |
| 3 | 080/10/29 | 10,850 | 3 | 2081/3/20 | 28,800 |
| 4 | 080/12/30 | 15,250 | | जम्मा | 61,450 |
| 5 | 081/3/12 | 12,100 | | | |
| 6 | 081/3/30 | 600 | | | |
| | जम्मा | 58,835 | | | |

४८ **असुली गर्न बाँकी आन्तरिक आय** –

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **८,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **कर तथा शुल्क असुली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 5,00,000 | 23,445 | 4.683 |
| घरजग्गा वहाल कर | 1,50,000 | 2,64,280 | 176.18 |
| व्यवसाय कर | 0 | 15,800 | |
| वहाल विरौटी शुल्क | 5,000 | 0 | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

५० **व्याकलोडरः**

पालिकाका जनताले व्याकलोडर प्रयोग वापतको राजश्व पालिकाले स्पष्ट र फरक शिर्षकमा आम्दानि नगरि एकमुष्टगाउँपालिका खातामा आम्दानी बाँधेकाले व्याकलोडर प्रयोगबाट कती राजश्व आम्दानि भयो स्पष्ट साथ यकिन गर्न सकिएन। साथै पालिकाको योजनामा व्याकलोडर प्रयोग गरेको अवस्थामा लकसिट तथा कामको नापी किताव तयार गर्नु पर्नेमा तयार गरेको पाइएन। नापिकिताव तयार नगर्दा कुन कुन काम कति परिमाणमा गर्यो भन्न सकिएन।चालकलाई मासिक रु.२९,७००।का दरले रु.३,५६,४००। खर्च लेखेको पाइयो। अतः व्याकहुलोडरको काममो नापि किताब तयार गरि अभिलेख व्यवस्थित गर्नु पर्दछ।

५१ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१५,८००। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। यस वर्ष व्यवसाय दर्ता ८ वटा र नविकरण १११ वटा गरेको पाइयो हालसम्म ३५४ वटा व्यवसाय दर्ता भएको छ। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

५२ **राजस्व असुली** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ७ नं. वडाको राजस्व असुली परीक्षण गर्दा रु.३५,४१५ दाखिला गर्नुपर्नेमा मिति २०८०।१०।१२ मा रु.२१,६०० र मिति २०८१।05।07 मा रु. १३,३३० गरी जम्मा रु.३४,९३० मात्र दाखिला भएको पाइएकोले बाँकी रकम रु.४८५ दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८५ |

५३ **एम्बुलेन्स**

पालिकामा संचालित एम्बुलेन्स विग्रीएकाले पालिकाले मिति २०८० भाद्र देखी रु.१५,०००। का दरले वर्ष भरिको रु.१,६५,०००। भाडा तिरि एम्बुलेन्स संचालनमा ल्याएकोपाइयो।असार मसान्तबाट भाडामा लिएको एम्बुलेन्स फिर्ता गरेकाले हाल पालिकामा एम्बुलेन्स प्रयोगमा आएको पाइएन। पालिकामा एम्बुलेन्स संचालनबाट प्राप्त आम्दानी गाउँपालिकाको एकमुष्ट आम्दानीमा दाखिला गरेकाले एम्बुलेन्सको आम्दानी यतीनै भयो भनेर यकिन गर्न सकिएन। चालकलाई मासिक रु.२४,०००। का दरले वर्ष भरिमा रु.२,८८,०००। भुक्तानी भएको पाइयो। अतः एम्बुलेन्स संचालनको कार्यविधि वनाइ सोही अनुसार शुल्क संकलन तथा आम्दानी खर्चको अभिलेख राख्नेतर्फ पालिकाको ध्यान दिनु पर्दछ।

५४ **सनतडा अस्पतालः**

पालिका अन्तर्गत संचालनमा आएको सनतडा अस्पतालको आय-व्यय को व्यवस्थित अभिलेख राख्नु पर्नेमा राख्ने गरेको पाइएन। अतःआगामी दिनमा आय व्ययको व्यवस्थित अभिलेख राख्नुपर्ने देखिन्छ।

५५ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

५६ **उपभोक्ता समिति परिचालन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न २३ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु१ करोड २९ लाख ७४ हजार खर्च गरेको छ ।

५७ **लागत निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न

प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन। पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन। यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन। पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नुपर्दछ।

## ५८ सार्वजनिक सूचना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ। उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ। यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन। प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ।

## ५९ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्तिगरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भएनभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माणव्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुनेसामानको गुणस्तर परीक्षण गरेको पाइएन।

## ६० हस्तान्तरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम१३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्नेजिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेव्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरीजिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मितसंरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमाराज्यको दायित्य घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरीनिर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

## ६१ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ६२ उपभोक्ता समितिको योगदान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२)अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिलेव्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ । कार्यालयले उपभोक्तासमितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमालागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको

कुल लागतमा उपभोक्तासमितिको अंश वा योगदान तोकिदिने गरेको छ । यसबाट उपभोक्ता समितिहरुले व्यहोर्नेयोगदानमा एकरुपता देखिएको छैन । योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारण गरीनिर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामाउल्लेख गर्नुपर्दछ ।

६३ **भगवती मा.वि भवन निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवाको खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ। भगवति मावि थुवाको भवन निर्माणको लागि यस वर्ष पालिकाले रु.६ लाख विनियोजन गरी यस वर्ष डिपिसि सम्मको मात्र कार्य गराई रु.५,७६,०००।० उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। भवन निर्माण जस्तो कार्यको स्पेशिफकेशन तथा ड्रइङ डिजाइन तयार नगरी बजेटको परिधि भित्र लागत अनुमान तयार गरी कार्य गरेको संरचना निर्माणको लागि उपयुक्त देखिएन। वजेटको व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

६४ **कार्य सम्पन्न प्रतिवेनद नभएको** (१०१-२०८०-१२-५):

सार्वजनि खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण व्यवसायीलाई भुक्तानी गर्दा नापी किताव तथा प्राविधिक विलको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायबमोजिमको ग्याविन जाली तथा पाइप खरिद गरी रु. ५,६०,०१५।० भुक्तानी गरेको छ। उक्त ग्याविन जाली प्रयोग भएको प्रमाण पेश गरेको छैन। जाली खपत भएको प्रमाण पेस गर्नु पर्ने रु.

| भौचर नं. | विवरण | स्पेशिफिकेशन | रकम |
|---|---|---|---|
| १०१-२०८०।१२।५ | ग्याविन जाली खरिद दायित्व शीर्षकबाट ग्याविन खरिद | २×१×१ साइजको ६५ थान र १.५×१×१ साइजको २५ थान समते ९० थान | ४,५५,०१५ |
| १०२-२०८०।१२।६ | गदेरी मुहान खानेपानी मर्मत शिर्षक पाइप खरिद | HDPEपाइप १४०० मिटर | १,०५,००० |
| | | जम्मा | ५,६०,०१५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६०,०१५ |

६५ **श्रम रोजगार बैक**

भगवतीमाई गाउँपालिका भित्र युवाहरुका लागि रोजगारी सिर्जना गर्ने र भगवतीमाई गाउँपालिकालाई द्रुत विकासको बाटोमा अगाडी बढाउन १८ वर्ष उमेर पुरा भई ४५ वर्ष उमेर ननाघेका युवाहरुलाई समेटी गाउँपालिका स्तरमा श्रम रोजगार बंक स्थापना गरी श्रम मार्फत गाउँपाललिकाको समृद्धि आधार सहित सामाजिक विकासका हरेक पक्षहरुमा युवाहरुलाई परिचालन परिचालन श्रम रोजगार बैंक (संचालन तथा व्यवस्थापन गर्ने) कार्यविधि, २०७६ लागू गरी कार्यान्वियनमा ल्याएको सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ।

- पालिकाले श्रम रोजगार बैक कार्यान्वय गर्न यस वर्ष रु.८८ लाख बजेट विनियोजन गरेकोमा १० वटा मर्मत सम्भार तथा पूर्वाधार सम्बन्धी योजननामा कार्यपालिकाको निर्णयअनुसार विभाजन गरी रु.८६ लाख ७० खर्च गरेको छ।
- भगवतिमाई गाउँपालिका श्रम रोजगार बैंक (संचालन तथा व्यवस्थापन गर्ने) कार्यविधि, २०७६ को दफा ३ मा श्रमरोजगार बैकको स्थापना गर्ने, श्रमरोजगार बैकको अध्यक्ष र मुख्य व्यवस्थापकको नियुक्त गाउँपालिका अध्यक्षले कार्यसम्पादन करार सम्झौतामा नियुक्तिगर्ने व्यवस्था रहेको छ। पालिकाले सोहि व्यवस्था बमोजिम यस श्रम वैक अध्यक्ष र मुख्य व्यवस्थापक नियुक्ती गरी सहायक स्तर चौथो तहको सेवा सुविधा उपलब्ध गराउँदै आएको छ। सोहि प्रकारको कार्यक्रम प्रदेश सरकारबाट भएको मुख्य मन्त्री रोजगार कार्यक्रमको संचालन तथा व्यवस्थापनको कार्य प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्ने जनशक्तिलाई जिम्मेवारी दिइ संचालन गरेको अवस्थामा पालिकाले अध्यक्ष र मुख्य व्यवस्थापक नियुक्ति गरी थप व्ययभार पारेको छ। थप व्ययभार हुने कार्यको पालिकाले पुनरावलोकन गरिनु पर्दछ।

- कार्यक्रमका लागि यो वर्ष विनियोजित रू.८८ लाखमध्ये ८६ लाख ७० हजार खर्च गरेको छ। रोजगारी सिर्जना गर्ने र भगवतीमाई गाउँपालिकालाई द्रुत विकासको बाटोमा अगाडी बढाउन पालिकाले ७ वटै वडामा कार्यक्रम संचालन गरेको छ। संघीय सरकार र प्रदेश सरकारले सूचीकृत बेरोजगारहरुलाई कम्तीमा सय दिन रोजगार दिने कार्यक्रम संचालन गर्दै आएकोमा सहकार्यक्रमसँग मिल्ने देखिएको छ।यस प्रकारको खर्चले पुँजी निर्माणमा टेवा पुगेको सुनिश्चित हुने अवस्था छैन। पालिकालेअद्यावधिक नगरी समान प्रकृतिका कार्यक्रमहरु सञ्चालन भएतापनि मापनयोग्य उपलब्धी देखिएको छैन। सङ्घीय तथा प्रदेश कार्यक्रमसँग समानान्तर कार्यक्रमबाट प्राप्त उपलब्धी र दीर्घकालीन व्ययभार विचार गरी कार्यक्रम सञ्चालन ढाँचा तथा कृयाकलापमा पुनरावलोकन हुनु पर्दछ।

६६ **जलवायु परिवर्तन उत्थानशील कार्यक्रम(GRAPE)**

पालिकाले GIZ को सहयोमा जलवायु परिवर्तन उत्थानशील कार्यक्रम संचालनकालागि जलबायु परिवर्तन उत्थानशी कार्यक्रम परियोजनासँग पालिकाको तर्फबाट रु.५८,३०,०००। र परियोजनाको रु.६८,८४,२५०।० गरी रु.१,२७,१४,२५०। संझौता भई कार्यक्रमको तर्फबाट रु.६४,८४,२५०।० प्राप्त रु.६१,४८,९३५। खर्च भएको र पालिकाको तर्फबाट रु.१६,८०,१३५। समेत रु.७८,२९,०७०।० खर्च भएको छ ।

६७ **सवारी साधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। पालिकाले यसवर्ष देहायबमोजिमतीन थान मोटरसाईकल खरिद गरी रु.९ लाख ९५ हजरा खर्च गरेको छ।समानिकरण अनुदानबाट सवारी साधन खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | आपूर्तिकर्ता | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | डाँफे अटो पार्टस एण्ड सप्लायर्स | मोटरसाइकल खरिद २ थान | ५,९७,८०४ |
| २. | डेनिस अटोसप एण्ड सप्लायर्स | मोटरसाइकल खरिद १ थान | ३,९७,९०० |
| | | जम्मा | ९,९५,७०४ |

६८ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले निर्माण कार्य खरिद गरी भुक्तानी गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई देहायको आपूर्तिकर्ताहरुबाट सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

| क्र.स. | आपूर्तिकर्ता तथा निर्माण व्यवसायी | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | मधुवन फर्निचर उद्योग | फर्निचर खरिद | १,६४,११५ |
| २ | आर.डि. हार्डवयर एण्ड अर्डर सप्लायर्स | निर्माण सामाग्री | २,०३,५१२ |
| ३ | विषमिता निर्माण सेवा | खेलकुद मैदान र बाटो निर्माण | २,५३,७१२ |
| ४ | सुप्रिम ट्रेड सप्लायर्स | फर्निचर खरिद | २,८५,८९० |
| ५ | टिडि डेकोर हाउस | फर्निचर खरिद | २,३७,३०० |
| ६ | मा दुर्गा इन्टरप्राइजेज | फर्निचर खरिद | १,४९,६७१ |
| ७ | न्यू डिजिटेक नेपाल | फर्निचर खरिद | १,४०,००० |
| ८ | एम डि के दाजुभाइ निर्माण सेवा | सिचाइ कुलो निर्माण | ९,५६,३३० |
| ९ | सुर्खेत साइन्स एण्ड सर्जिकल्स | कोल्ड स्टोर निर्माणको सामाग्री | ९,९७,७९० |
| १० | दैलेखी उर्जा घर प्रा.लि. | सोलार लिफ्ट कार्य | ९,९७,३३७ |
| ११ | वर्ल्ड ह्यारिसन कन्स्ट्रक्सन | सिचाइ पोखरी तथा कुलो निर्माण | ७,८३,७०५ |

६९ **वडा कार्यालय भवन**

वडा नं.७ को वडा कार्यालय भवन रु.१०५४६९८९।० मिति २०८१।१।३२ मा सम्पन्न गर्ने गरि मिति २०७९।८।१२ मा तुलसी जे.डी कन्ष्ट्रक्सन एण्ड सप्लायर्स संम्झौता भएको पाइयो। योजनाको काम समयमा सम्पन्न हुन नसकेकाले मिति २०८१। ९।१५ सम्म अवधि थप गरेको पाइयो। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

६९.१ योजनाको विमाको लागि एल.एसमा रु.१,००,०००।० राखेको पाइयो। विमा गराउँदा योजनाको निर्माण सामाग्री र निर्माण कार्यमा संलग्न कामदार तथा कर्मचारीको विमा गराउनु पर्ने उल्लेख छ।योजनाको संझौता अवधि मिति २०७९।0८।१२ देखि २०८२।0२।३२ सम्मको हुनुपर्नेमा निर्माण व्यवसायीले मिति २०८१।0२।३०-0२।३२ सम्म २ दिनको मत्र गरी रु.९०,२२५.६४ को विल पेस गरी LS मा रु.१,००,०००।भुक्तानी भएको छ। कार्यालयले विमाको भुक्तानी गर्दा म्याद थपको विमा पोलिसि पेस गराएको छैन साथै २ दिनको पोलिसीको रकम LS मा भएबमोजिम भुक्तानी गरेको छ। विमाको रकम भुक्तानी गर्दा संझौता अवधिलाई ध्यानमा राखी भुक्तानी गर्नु पर्दछ।

६९.२ भौ१२२-०८१।२।१३ बाट प्रथम रनिङ्ग विल रु.४३,२९,४७१। र भौ.१९४-०८१।९।२४ बाट दोस्रो रनिङ् विल रु.२०,००,०००।० गरी जम्मा रु.६३,२९,४७१।० भुक्तानी हुँदा मूल्य अभिवृद्धि कर रु.७,२८,१७३ समेत भुक्तानी भएकोमा फोटोकपी विल संलग्न भएकाले कर समायोजन विवरण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२८,१७३ |

७० **वडा नं. २ कार्यालय भवन**

७०.१ पालिकाले वडा नं. २ कार्यालयको भवन निर्माणकार्यको रु. १४४९१९३६। मूल्य अभिवृद्धि कर बाहेक लागत अनुमान स्वीकृत गरी आर.वि. कन्स्ट्रक्सन, सुर्खेतसँग ९४,५८,६२१। मा २०८१।९।३० मा सम्पन्न गर्ने गरी सम्झौता गरी यस वर्ष रु.७६७१८६८। भुक्तानी दिएको सम्बन्धमा देखिएको व्यहोरा निम्न रहेको छ।

७०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा ऐनको दफा ५४मा तोकिएका पदाधिकारीले भेरीएसन स्वीकृत गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं. २ कार्यालय भवन निर्माणको लागि आर.वि. कन्स्ट्रक्सनसँग रु.

९४,५८,६२१।० मा संझौता गरी विभिन्न आइटमहरु रु.८,००,६९१।० रकमको निर्माण कार्य थप गरी भेरिएशन आदेश जारी गरेको छ । कानूनमा उल्लेख गरेक बमोजिमको पूर्वानुमान गर्न सकिने अवस्थामा समेत भेरिएशन गरेको नियमसम्मत देखिएन । निर्माण कार्यको लागत अनुमान तयरी गर्दाको अवस्थामानै पालिकाले निर्माणमाको लागत अनुमानमा ध्यान दिनुपर्दछ ।

७०.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (४) मा पेश्की रकमको बैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा १ महिना अगाडिको हुनुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायीलाई दिएको पेश्कीमध्ये वर्षान्तमा रु.१३ लाख ७२ हजार बाँकी रहेको छ। निर्माण व्यवसायीले पेश गरेको बैक जमानतको अवधि मिति २०८१।२।१७ मा समाप्त भएकोमा उक्त पेश्की फर्स्यौट भएको छैन्। उक्त पेश्की रकम असुल फर्स्यौट गर्नुपर्दछ ।

## ७१ आधारभूत अस्पताल भवन

पालिकाले आधारभूत अस्पताल निर्माण गर्न रु. १७ करोड ७० लाख २२ हजारको लागत अनुमान तयार गरी वोलपत्र (NCB/१/०८०/८१) भएकोमा सवैभन्दा न्यून सारभूतरुपमा प्रभावग्राही निर्माण व्यवसायी कालिका-रेगन-रेसुङ्गा जे.भि, काठमाण्डौसँग मूल्य अभिवृद्धि कर र पिएस बाहेक रु.११,५८,८६,८९७।मा २०८४।२।१५मा भित्र कार्य सम्पन्न गर्न २०८०।९।२३ मा सम्झौता गरी रु.३५ लाख ४६ हजार पेश्की दिएको छ। अस्पताल निर्माण सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार छन्।

७१.१ **कार्य प्रगति-** निर्माण कार्यको तोकिएको समयमानै निर्माण कार्य सम्पन्न गर्नको लागि निर्माण व्यवसायीबाट पेस भएको कार्यातालिका अनुसार लेखापरीक्षण अवधिमा भवनको स्ट्रक्चरको कार्य भइरहेको हुनुपर्ने अवस्था छ। तर निर्माण व्यवसायीले यस अविधिसम्म पनि कार्यारम्भ नगरेको उल्लेख छ। तोकिएको समयमानै निर्माण सम्पन्न गर्न निर्माण कार्य गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७१.२ **गुणस्तर आश्वस्तताः** निर्माणव्यवसायीसँग भएको संम्झौताको सामान्य शर्तमा निर्माण कार्यको गुणस्तर कायमगर्नका लागि निर्माण कार्यमाप्रयोग गरिने निर्माण सामाग्री गुणस्तरीय भए नभएको गुणस्तर परीक्षण गर्ने कर्तव्य निर्माण व्यवसायीको हुनेउल्लेख छ। गुणस्तरीय निर्माणकार्यका लागि गुणस्तरआस्वस्तता योजना (QAP)पेस गर्न लगाई गुणस्तर कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७१.३ **वीमा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) बमोजिम रु.२० लाख भन्दा बढीको निर्माण कार्यमा बीमा गर्नु पर्ने व्यवस्था गरेअनुरुप तयार गरिएको स्ट्याण्डर्ड बिडिङ्ग डकुमेण्टको सामान्य शर्तमा ठेक्का रकमको ११० प्रतिशत बिमा गर्नेगरी सम्झौता भएपनि हालसम्म बिमा गरेको प्रमाण पेस गरेको देखिएन। संझौता बमोजिम बिमा गरी निर्माण कार्य अगाडी बढाउनुपर्ने देखिन्छ।

७१.४ **जेनेरल आइटमः** निर्माण कार्यको लागत बढ्ने गरी जेनेरल आइटम अन्तर्गत Honda XR 150L को रु. ५० लाख र Motercycle 150cc को रु.३ लाख ५० हजार समेत रु.८ लाख ५० लागत थप हुने गरी BOQ तयार गरी सोही अनुसार संम्झौता भएकोदेखिएकोले सव-आइटम भुक्तानी दिन मिल्ने देखिदैन। लागत अनुमान तयार गर्दायोजना लागत बढाउने प्राविधिकलाई जिम्मेवार बनाई यस्तो कार्य नियन्त्रणहुनुपर्दछ।

७१.५ **पेश्की रकमको प्रयोजन**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की दिएको रकम जम्माभएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीलेसार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पेश्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुनेव्यवस्था ऐनको दफा ५२क (६) मा रहेको छ । यस बर्षमाभएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको रु.३५ लाख ६० हजार पेश्की रकमछुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएकोविवरण लिएको छैन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयलेध्यान दिनु पर्दछ ।

## ७२ वडा नं.३ कार्यालय भवन

कर्णाली प्रदेश समपुर अनुदान र पालिकाको साझेदारीमा पालिकाले वडा नं. ३ कार्यालय भवन निर्माणको लागि भगवतिमाई कन्स्ट्रक्सन एण्ड रोशन निर्माण सेवासँग रु.१,०८,१४,२७७।० (भ्याट र पिए सहित) मा संझौता गरी रु.१,०६,३४,६५७।० भुक्तानी गरेको छ । संझौता अनुसार पालिकाले एजविल्ट ड्रइङ पेस गर्नु पर्नेमा पेस नै नगरी रु.२५,०००।० भुक्तानी दिएको छ । उक्त भुक्तानीको ड्रइङ पेस गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा सम्झौतामा उल्लेख गरेको बाहेक २० लाख रुपैयाभन्दा माथिको निर्माण कार्यमा विमा गराउनुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय भवन निर्माणको BOQ मा रु. १,२५,०००।० बिमाको व्यवस्था गरेको भएता पनि बीमा गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

७३ **परामर्श तथा डी पी आर खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदनलगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र वढि दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लगत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका परामर्श सेवा खरिद गरी रु.१२ लाख ४८ लाख ५२ हजार खर्च लेखेको छ। उपलव्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरीद गर्नुपर्नेमा लागत अनुमानकै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका योजनाहरु कार्यान्वियनमा जाने सुनिश्चितता भएको समेत देखिएन।

| क्र.सं. | योजनाको नाम | परामर्श दाता | भुक्तानी रकम | DPR बाटदेखिएकोआयोजनाकोलागतअनुमान |
|---|---|---|---|---|
| १ | IEEप्रतिवेदन | ए एण्ड ए कन्सल्टन्सी | २,५५,६६२ | |
| २ | लोहोरे (मध्यपहाडी राजमार्ग) शिखरद्वारी सडक | रेडियन्ट इन्जिनियरी एण्ड सप्लायर्स | ९,९३,२७० | ४,८५,४२,७२२।० |

७४ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची-१ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ र्खच २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ चालु खर्च रु.१५,२६,०७९। इन्धन रु.२,६२,९५९।,अनुगमन खर्च रु.४,७४,६००। र अन्यमा रु.१,४३,४७५। गरी जम्मा रु.२४,०७,११३। कन्टीन्जेन्सी खर्च गरेको छ।

७५ **भुक्तानीमा करकट्टी:**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.६,४००। अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| **गो.भौ.नं.।मिति** | **भुक्तानी लिनेकोनाम** | **करको प्रकार** | **करकट्टी गर्नुपर्ने** | **करकट्टीगरेको** | **घटिकरकट्टी रकम** |
|---|---|---|---|---|---|
| १११।०८०।८।२१ | अमर खड्का | वहाल कर(१०%) | ३४,००० | ० | ३,४०० |
| ५७३।०८१।३।२० | भगवतीमाई दलित युवा सञ्जाल | अग्रिम कर(१.५%) | ३,००० | ० | ३,००० |
| **जम्मा** | | | | | ६,४०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **७५०** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४०० |

७६ **नन्फाइलर –**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१२,९३,८९१।समेत रु.१,१२,४६,९०५। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। उक्त फर्मले कर समायोजन विवरण पेश गर्नुपर्ने रु.

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्या नं** | **भुक्तानी रकम** | **मुअकर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|
| 104-080/12/22<br>108-081/1/10 | विषमिता निर्माण सेवा | 303035099 | 51,42,240 | 5,91,585.13 | 2080।T।२ |
| 180-081/3/4 | | | 15,80,236 | 1,81,797 | |
| 181-081/3/9 | विषमिता निर्माण सेवा | | 1459012 | 1,67,851 | 2080।T।२ |
| 14-081/3/23 | शिभिल निर्माण सेवा | 300036238 | 28,74,167 | 3,30,656 | 2080।T।२ |
| 41-081/3/19 | न्यू डिजिटल नेपाल | 611572048 | 1,91,250 | 22,002 | |
| जम्मा | | | 1,12,46,905 | 12,93,891 | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९३,८९१.१३ |

७७ **नागरिक आवास कार्यक्रमः**

सुरक्षीत नागरिक आवास कार्यविधि २०७५ को दफा ३ अनुार लक्षित वर्गको पहिचानपश्चात दफा ५(४) बमोजिम स्थानीय तह सँग सम्झौता गरी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराइने र उक्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष ३८ जना लाभग्राहीलाई रु.५०,०००। का दरले रु.१९,००,०००। उपलब्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्याङ्कन गरी निर्माण आवास निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

७८ **आन्तरिक मामिला तथा कानुन मन्त्रालयः** (१-२०८१-३-१९):

आन्तरिक मामिला तथा कानुन मन्त्रालय व उ शि न ३१४०००११३ बाट खर्च गरेकोमा भत्ता पाउनेको विस्तृत विवरण पेस गरेको पाइएन। विस्तृत विवरणको परिक्षण गर्न नसकिएबाट सामाजिक सुरक्षा भत्ता पाउने पनि दोहोरीएको संभावना हुन सक्ने साथै पिडितले दोस्रो विवाह समेत गरेको हुन सक्ने हुँदा भत्तापाउनेको विवरण स्रेस्तासाथ राख्ने तर्फ ध्यान दिनु पर्दछ।भौ.१-०८१।३।१९ बाट घाइते अपाङ्गता जिवन निर्वाह भत्ता रु.५,५२,०००। र सहित स्मृति भत्ता रु.३,३६,०००। गरी रु.८,८८,०००। भुक्तानी भएको छ। सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० २(ञ) मा हकवाला भन्नाले शहिद वा वेपत्ता पारिएका व्यक्तीका पती वा पत्नी निज नभए निजका छोरा अविवाहित छोरी र निज पनि नभए निजका आमा बुबा सम्झनु पर्दछ भनी उल्लेख गरेको छ। पालिकाले सहिद स्मृति भत्ता वितरण गर्दा भत्ता पाउने सँगको सम्बन्ध खल्ने कागजपत्र सँलग्न हुनु पर्दछ।

७९ **सूचना प्रविधि पद्धति-**

सूचना प्रविधि नियन्त्रण वातावरणमाकार्यालयको कारोबारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषयसमावेश हुन्छन्।सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले

निम्न अनुसारका कार्य गरेको छैनः

 कार्यालय स्वयको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र व्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,

 सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्वन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,

 सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको रत्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको,

 सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको।

८० **बढी भुक्तानीः** (२४-२०८१-३-२०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८१ **रितपूर्बकको कर बिजक** –

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यवसायीबाट मु.अ.कर रु.३३४६८। समेत रु.२९०९१६। को सामान तथा निर्माण सेवा खरिद गरेको छ। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **कर विजकको अवस्था** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| 270-081/3/18 | अद्धय इन्जिनियरिङ कन्सल्टेन्टसी एण्ड सप्लायर्स प्रा लि | 619746234 | 001 | 99,666 | 11,466 | हातले लेखेको |
| 41-081/3/19 | न्यू डिजिटल नेपाल | 611572048 | 108 | 1,91,250 | 22,002 | हातले लेखेको |
| | जम्मा | | | २,९०,९१६ | ३३,४६८ | |

| प्रमाण पेश नगरेको | ३३,४६८ |
|---|---|

८२ **दोहोरो भुक्तानीः** (४९४-२०८१-३-९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले गोश्वारा भौचर नम्वर ४९४।०८१।३।९ बाट मान बहादुर विश्वकर्माले रु.१,००,००० को पेश्की फर्स्यौट गरि रु.३०,९८५ सोधभर्ना लिदा प्रधानाध्यापक बैठकमा चिया तथा खाजाको विल रु.२७,४०० पेश गरेकोमा पुःन खाना खर्च भनि प्रधानाध्यापकहरुलाई रु.३९,००० को भरपाई गराई पेश गरेकोले दोहोरो भएको रु.३९,००० सम्बन्धित पेश्कि/भुक्तानी लिनेबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ३९,००० |
|---|---|

८३ **खर्च पुष्ट्याईको प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्च पुष्ट्याइको प्रमाण पेश भएको देखिएन। नियमावलीमा भएको व्यवस्था अनुसार रु.१,८९,९८८। बराबरको खर्च पुष्ट्याइको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.

| **गो.भौ.नं।मिति** | **भुक्तानी लिनेको नाम** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ५०।०८०।७।१ | अग्रता ट्रेडिङ्ग कन्सर्न | हार्डमेस फेन्सिङ्ग नेट ८० केजि खरिद | ३९,२५० | सक्कलविल पेश नगरेको |
| ४८४।०८१।३।७ | ज्वाला रेग्मी | खेलकुद सामाग्री | ५०,७४० | वितरण भरपाई नभएको |
| ४२४।०८१।२।१६ | मधुवन फर्निचर उद्योग | दराज-४, टेवल-२, कुर्चि-६ , बेन्च-४ खरिद | ९९,९९८ | दाखिला प्रतिवेदन पेश नभएको |
| **जम्मा** | | | १,८९,९८८ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **९९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८९,९८८ |

८४ **नाफामूलक संस्थालाई अनुदान** – (५-२०८०-६-११):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले एक बगैचा अनेक स्वामित्व कार्यक्रमबाट सुर्य कृषि तथा बाख्रा पालन व्यवसाय (६१८२३३७५५) नाफामूलक संस्थालाई रु. ४,००,००० तरकारी तथा फलफुल बगैचा निर्माणका लागि अनुदान दिएको छ । पालिकाले अनुदान वितरण तथा व्यवसाय प्रवर्द्धन सम्बन्धमा मापदण्ड तथा कार्यविधि वनाएको छैन । प्रस्ताव पेसको आधारमा अनुदान वितरण गरेको नियमसम्मत देखिएन । कार्य विधि तथा मापदण्ड वनाएर मात्र अनुदान वितरण गरिनुपर्दछ ।

८५ **करार शिक्षक-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्नका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाभित्रका ३२ वटा सामुदायिक विद्यालयमा स्वीकृत, राहत, करार र संघीय अनुदान गरी कुल २७४ शिक्षक दरवन्दी र ५९७२ विद्यार्थी र शिक्षक विद्यार्थी अनुपात १:२२ रहेको देखिन्छ । दरवन्दी मिलान र विद्यालय समायोजनमा ध्यान नदिई विद्यालयले गत विगतदेखि नै तलब भत्ता भुक्तानी गरेको देखिन्छ । यस वर्ष पालिकाभित्रका २८ शिक्षकलाई रु ६५ लाख ३८ हजार तलबभत्ता भुक्तानी गरेको छ । आवश्यकता, भुगोल र औचित्यसमेतलाई विचार गरी दरवन्दी मिलानतर्फ ध्यान दिई यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

८६ **खर्चमा मितव्ययिता** –

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। पालिकाले यस वर्ष अन्य सेवा शुल्कमा रु.४१,३३,३१२।(करार कर्मचारीको तलब दरवन्दी बहायकका), विविध खर्च रु.१७,६०,०७७।, भ्रमण खर्चमा रु.११,५९,२६९।, मसलन्द तथा कार्यालय सामान रु.३१,५७,७५३।, सवारी मर्मत सम्भार रु.२३,८४,८८४।, इन्धनमा रु.३३,७६,३२३।, गाडी भाडा रु.८,६१,१९५।, खर्च गरेको छ। यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानुपर्दछ।

८७ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम शिर्षकबाट १७० थान ब्ल्याङकेट, ३४ थान वाटर फिल्टर, ५०/५० थान साडी/चोलो लगायत खरिद गरी रु.३,८९,९०० भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

८८ **गत वर्षको भुक्तानी** - (६७-२०८०-७-२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गौश्वारा भौचर नम्बर ६७।०८०।७।२ बाट गतवर्षको पदाधिकारी बैठक भत्ता रु.१,८१,५०० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८१,५०० |

८९ **वडा कार्यालयबाट सामाग्री खरिदः**

पालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन तथा पूँजिगत प्रकृतिका सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ ।तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन। यस्तो अवस्थामा पालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।पालिकाको पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद भएका सामानहरु पाम्समा दाखिला गर्ने गरेको छैन। यसले गर्दा वार्षिक खरिदको यकिन विवरण अध्यावधिक हुन सक्दैन। अतः वडामार्फत खरिद भएका देहायका सामग्री पालिकाको जिन्सी विवरणमा देखिएको छैन। उक्त सामाग्री पालिकाको पाम्स सफ्टवेयरमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| **गो.भौ.नं.।मिति** | **भुक्तानी लिनेको नाम** | **खरिद सामग्रीको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ४८१।०८१।३।७ | मान बहादुर थापा | टेवल कुर्चिलगायतका सामाग्री | ५०,००० |
| | मधुवन फर्निचर उद्योग | हिटर कार्पेटलगायतका सामाग्री | २,५०,००० |
| १८९।१०।११ | मान बहादुर थापा | माउस किबोर्ड मल्टिप्लग लगायतका सामाग्री | ५६,००० |
| ५११।३।१२ | | | १,१२,००० |
| **जम्मा** | | | **४,६८,०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६८,००० |

९० **दिएको/लिएको सम्पत्ति अभिलेख किताब :**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि घर भाडा तथा गाडी भाडा बापत रु. १९ लाख ९० हजार खर्च गरेको छ । पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियन्त्रण भएको देखिएन । साथै कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियन्त्रण तथा अभिलेख राख्नुपर्दछ ।

९१ **निजी सवारी मर्मत सोधभर्ना :**

सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ भने निजी सवारी मर्मतका लागि भुक्तानी दिन मिल्ने कानून व्यवस्था छैन। तर नमुना परीक्षणको रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले पालिकामा

कार्यरत १२ जना कर्मचारीहरुको निजि मोटरसाइकल मर्मत गर्न रु.२,२४,२५५।सोधभर्ना दिएको पाइयो। यसरी निजि सवारी साधन मर्मत खर्च गर्नु नियम संवत नदेखीएकोले यस प्रकारको खर्चमा नियन्त्रण गरिनु पर्दछ।

९२ **स्थानीय भत्ता :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१६,१८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,१७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९३ **भ्रमण खर्च:**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु १५ लाख ८१ हजार खर्च गरेको छ । कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको ।

• भ्रमण आदेशहरु दर्ता हुने गरेको देखिएन ।

• सात दिनभन्दा बढी अवधिको भ्रमणमा स्पष्ट कारण नखुलाई र म्याद थपसमेत नगरी भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर कर्मचारी पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

९४ **प्रशिक्षक भत्ता:** (५६२-२०८१-३-१९):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९५ **सभाको बैठक :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९६ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा गत वर्ष १६० र यस वर्ष ३४० थान को रु.३,००,८९७। खरिद गरेकोमा यस वर्ष २५० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २५० थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

९७ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना

उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले २ बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.१९,५०,३८०।को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन।आपूर्ती हुने औषधी एवं सर्जिकल सामान स्टोरमा दाखिलाम हुनु अधि स्पेशीफिकेशन अनुसारभए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद एकिन गर्नसकिएन साथै औषधी जिन्सी किताबमा आम्दानी बाध्न खरिद गरेको र जिल्ला बाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको पाइएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनु पर्दछ।

### ९८ विद्यालयको अनुगमन नियमन व्यवस्था

विद्यालयको अनुगमन नियमन व्यवस्था – स्थानीय रकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तयार गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

### ९९ विद्यालयगत निकासा खाता

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

### १०० शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि.न | विद्यालयको नाम र ठेगाना | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री ज्वाला माध्यमिक विद्यालय, वेस्तडा | २४ | ८२८ | १:३४ |
| २ | श्री भैरव माध्यमिक विद्यालय, खोर | १४ | ४९९ | १:३६ |
| ३ | श्री सरस्वती माध्यमिक विद्यालय, गन्म | १२ | २४५ | १:२० |
| ४ | श्री कालिका माध्यमिक विद्यालय, डोरीमन्घर | ११ | ४४५ | १:४० |
| ५ | श्री भगवती माध्यमिक विद्यालय, तुर्सु | १२ | ४७० | १:२५ |
| ६ | श्री महादेव माध्यमिक विद्यालय, मेतलपाटा | ११ | ३२३ | १:३९ |
| ७ | श्री जनता माध्यमिक विद्यालय, रुम | १२ | २४० | १:२० |
| ८ | श्री भगवती माध्यमिक विद्यालय, थुवा | १२ | ४८८ | १:४१ |
| ९ | श्री ने रा आधारभुत विद्यालय, तप्लुङ | ८ | २१० | १:२६ |
| १० | श्री आदर्श आधारभुत विद्यालय, सनीगाउँ | ८ | २५९ | १:३२ |
| ११ | श्री जनप्रिय आधारभुत विद्यालय, चख्ला | ३ | ६४ | १:२१ |
| १२ | श्री कैलाश प्राथमिक विद्यालय, पुन्या | ३ | १०२ | १:३४ |
| १३ | श्री सरस्वती प्राथमिक विद्यालय, बागडाडा | २ | २२ | १:११ |
| १४ | श्री लक्ष्मी प्राथमिक विद्यालय, रुमी | १ | २५ | १:२५ |
| १५ | श्री जनता प्राथमिक विद्यालय, पानीमूल | २ | ३१ | १:१७ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:४१ देखि न्युनतम १:११ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ३२ वटा सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२२ रहेको देखिन्छ। पालिकाले IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, कक्षा घटुवा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ।

## १०१ दिवा खाजा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१.११ मा शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा प्रविष्टी भएको प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु १५ दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानिय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको दिनको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित विद्यार्थीको सङ्ख्यात्मक विवरणको आधारमा स्थानिय तहले विद्यार्थी सङ्ख्या एकिन गरी दिवा खाजा मापदण्डको आधारमा बमोजिम खाजा उपलब्ध गराए नगराएको अनुगमन गरी थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले आ.व २०८०।०८१ मा दिवा खाजाका लागि वालकक्षा देखि कक्षा ५ सम्मका २८८३ विद्यार्थीहरुका लागि रु ६२,९६,४२७ निकासा दिएको छ । पालिकाले दिवा खाजा मापदण्ड २०७८ वमोजिम खाजाको अनुगमन गरी दिवा खाजा मापदण्ड, २०७८ बमोजिम दिवा खाजाको व्यवस्थापन र खाजाको अनुगमन गरी प्रमाणित हाजिरी अभिलेकको आधारमा निकासा दिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## १०२ ईन्टरनेट जडान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनका लागि प्रति विद्यालय रु १२,००० दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले सो कार्यको अनुगमन गर्ने र IEMIS मा

अनिवार्य रुपमा अध्यावधिक गर्ने गर्नुपर्दछ । पालिकाले पालिकाभित्रका १६ वटा सामुदायिक विद्यालयहरुलाई इन्टरनेट जडानका लागि गोश्वारा भौचर नं २०९-२०८१।०२।२१ बाट रु १,९२,००० भुक्तानी दिएको छ तर विद्यालयहरुले इन्टरनेट जडान गरे नगरेको, इन्टरनेटलाई शिक्षण सिकाई प्रकियामा प्रयोग गरे नगरेको यकिन नभएको र IEMIS मा अध्यावधिक गरेको पाइएन । तसर्थ सम्वन्धित तपशिलका विद्यालयहरुले विद्यालयहरुले खर्चको विलभरपाइ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| क्र स | विद्यालयको नाम र ठेगाना | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री ने रा आ वि तप्लुङ | १२,००० | |
| २ | श्री ने रा आ वि चिपिन | १२,००० | |
| ३ | श्री आदर्श आ वि सनिगाउँ | १२,००० | |
| ४ | श्री सरस्वती आ वि सिडार | १२,००० | |
| ५ | श्री खडगदेवी आ वि मेहल्तोली | १२,००० | |
| ६ | श्री सरस्वती आ वि सिडार | १२,००० | |
| ७ | श्री ज्वाला प्रा वि पगनाथ | १२,००० | |
| ८ | श्री ने रा प्रा वि कुम्री | १२,००० | |
| ९ | श्री जनता प्रा वि खगेना | १२,००० | |
| १० | श्री जनप्रिय प्रा वि खगेना | १२,००० | |
| ११ | श्री जनता प्रा वि चिपिनतडा | १२,००० | |
| १२ | श्री कैलाश प्रा वि पुग्या | १२,००० | |
| १३ | श्री जगनाथ प्रा वि ढाणगाउँ | १२,००० | |
| १४ | श्री भगवती प्रा वि कुल्ले | १२,००० | |
| १५ | श्री लक्ष्मी प्रा वि पंयागाउँ | १२,००० | |
| १६ | श्री मालिका प्रा वि वाइसेरा | १२,००० | |
| **जम्मा** | | **१,९२,०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९२,००० |

१०३ **ICT ल्याब व्यवस्थापन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१३ उपक्रियाकलाप नं ९.५ मा सामुदायिक विद्यालयमा ICT ल्याब व्यवस्थापन गर्न नेटवर्किङ, इन्टरनेट, फर्निचर, कम्प्युटर, सफ्टवयर, श्रव्य दृष्य सिकाइ सामग्री व्यवस्थापन गर्ने गरी एकमुष्ठ रु ६,५०,००० अनुदान दिने व्यवस्था छ । पालिकाले आवश्यक छनौट प्रकियाबाट श्री सरस्वती माध्यमिक विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागि रु ६,४४,१०० अनुदान दिएको छ। तर विद्यालयलयले कार्यक्रम कार्यान्वयन

पुस्तिकाको मापदण्ड वमोजिमका सामग्रीमात्र खरिद गर्नुपर्दछ भने पालिकाले यसको अनुगमन र मुल्याङ्कन गरेरमात्र भुक्तानी दिने गर्नुपर्दछ ।

१०४ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले ब्ल्याकहो लोडरका लागि इन्धन आपुर्तिवापत दैलेख आयल ट्रेडर्सलाइ गोश्वारा भौचर नं ४-२०८०।०६।१० बाट रु २,०७,८९४ भुक्तानी गरेको छ । दैलेख आयल ट्रेडर्सले रु २,०१,८९४ को मात्र विल पेस गरेकोले दैलेख आयल ट्रेडर्सबाट रु ६,००० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

१०५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत ९२ दिनले ७,३२५ दिन रोजगारी उपलव्ध गराई रु.४९,११,८०४। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१०६ **प्राविधिक विल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल फर्म तथा व्यक्तिलाई प्राविधिक विल विना भुक्तानी भएकोले प्राविधिक विल र कार्यसम्पन्न पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं.।मिति** | फर्म।व्यक्तिको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ४०१।२०८१।१।२६ | ललित बहादुर खड्का (शिखरद्धारी मन्दिर व्यवस्थापन) | ४९,१७४ | प्राविधिकविल र कार्यसम्पन्न विना भुक्तानी |
| ५४३।२०८१।३।१८ | श्री नेपाल राष्ट्रिय पिपल आवि | १,२०,००० | |
| जम्मा | | १,६९,१७४ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६९,१७४ |

१०७ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायबमोजिम बढी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **गो.भौ.नं.।मिति** | **भुक्तानी पाउनेको नाम** | **पाउनुपर्ने** | **पाएको** | **फरक** | **कैफियत** |
|---|---|---|---|---|---|
| ४०।२०८०।६।३० | सुर्यमुखी पुनर्भरण पोखरी निर्माण समिति | ११४४४० | ११९४६५ | ५०२५ | साझेदारी रकममा बढी भुक्तानी |
| ३७।२०८०।६।२९ | बडाभैरव स्वास्थ्य चौकी | ४०१८६७ | ४१५००० | १३१३३ | साझेदारी रकममा बढी भुक्तानी |
| जम्मा | | | | १८१५८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,१५८ |

**१०८ सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता रु.८,३२,०९,२७६।वितरण गर्दै आएको देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भगवतिमाइ गाउँपालिका, दैलेख , भगवतीमाई गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण जंग पाण्डे | २०८१-५-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रतिमान बुढा | २०८०-१२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५८,४२२ | ४,३१४,८१२ | ४,२३८,२६५.१३ | ० | ० | ५,०९५,९६८ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३,८०७,४६७.१३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५५५,६५१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३,२५१,८१६.१३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४०५३८७०६.३४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७४२४०९४५ | **चालु खर्च** | ३७३५९९८६५ |
| **प्रदेश सरकारबाट अनुदान** | २६३६५२४५ | **पूँजीगत खर्च** | १०९९६२८०१ |
| **राजश्व बाँडफाँट** | ७५०६१९७१.५८ | **वित्तीय/अन्य व्यवस्था** | १७४९४४७३ |
| **आन्तरिक आय** | ३०८९८१८.० | | |
| **अन्य आय** | ११०९४४०.१२ | | |
| **कुल आय** | ४७९८६७४१९.७ | **कुल खर्च** | ५०१०५७१३९ |
| **बाँकी मौज्दात** | | १९३४८९८७.०४ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।प्र
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- पुर्वाधार निर्माण आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।